नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

पिपुल्स् हाईडोपावर कम्पनी लिमिटेडको (PHCL) साधारण शेयर सूचीकरण गरिएको

## सूचना

आज मिति २०७९/०८/२७ का दिन नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र पिपुल्स् हाईडोपावर कम्पनी लिमिटेड (नेप्से सिम्बोल PHCL) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको ३,२०,००,००० कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष सानिमा क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी उद्योग प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुमा वितरण गरिएको ३२,००,००० कित्ता (१०%), सर्वसाधारण लगानीकर्ता शेयरधनीहरुमा वितरण गरिएको ( सामुहिक लगानी कोष तथा कम्पनीका कर्मचारीहरु समेत) ४८,००,००० कित्ता (१५%) र कम्पनीका संस्थापकहरुले लगानी गरेको २,४०,००,००० कित्ता (७५%) शेयर (धितोपत्र) समेत गरी जम्मा ३,२०,००,००० कित्ता (१००%) कित्ता साधारण शेयर वितरण भई धितोपत्र सूचिकरण विनियमावली, २०७५ बमोजिम मिति २०७९/०८/२६ गतेको निर्णयानुसार यस स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च : मिति २०७९/०८/२७ मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र उक्त कम्पनी बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेञ्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं जिल्ला, बुद्धनगर रहेको र सूचीकरण पश्चात् दिनु पर्ने RTS सेवा सानिमा क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंबाट हुने छ ।

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड काठमाडौं २०५०

सूचीकरण शाखा
नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं ।

मिति : २०७९/०८/२७

फोन नं.: ०१-४२५०७५५/५६/५